# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## ३ नं. प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. २८०८

मितिः २०७६/०९/०२

विषयः संघीय सरकार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको प.सं. ०७६/०७७, च.नं. २७५, मिति २०७६/०८/२६ को पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम नियमावली, २०७६ अनुसार भरतपुर महानगरपालिकाभित्र छनौट भएका तपसिल बमोजिमका आयोजनाहरुको विवरण र नियमावलीको महत्वका बुँदाहरु यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

साथै, उक्त आयोजनाहरु माघ १५ भित्र सम्झौता भईसक्नु पर्ने र आगामी असार मसान्त सम्म सम्पन्न भई रकम भुक्तानी भईसक्नु पर्ने अन्यथा रकम फ्रिज हुने व्यवस्था समेत भएकोले उक्त आयोजना कार्यन्वयनको लागि उपभोक्ता समिति गठन र लागत स्टिमेट तयार गरि सम्झौताको लागि महानगरको योजना तथा बजेट शाखामा यथाशिघ्र पठाउनुहुन समेत जानकारीको लागि अनुरोध छ ।

२०७६/९/२

...............
(असीम रेग्मी)
योजना अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिपद्‌बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

Scanned by CamScanner

भरतपुर महानगरपालिका

निर्वाचन क्षेत्र विकास कार्यक्रम क्षेत्र नं २

स्वीकृत भएका आयोजनाहरुको विवरण

| क्र.स | योजनाको नाम | वडा नं. | स्वीकृत रकम |
|---|---|---|---|
| १ | देवघाट संस्कृत मा.वि पूर्वाधार निर्माण | १ | १०,००,०००.०० |
| २ | आदिकवी भानुभक्त मा.वि.पूर्वाधार निर्माण | १ | १०,००,०००.०० |
| ३ | जलदेवी टोल ख मार्ग मोजायक टायल | २ | १२,००,०००.०० |
| ४ | गणेश टोल विकास संस्था ढल निर्माण | २ | २०,००,०००.०० |
| ५ | युनिक मार्ग ख सडक कालोपत्रे | ३ | २०,००,०००.०० |
| ६ | बाह्रघरे सामुदायिक भवन निर्माण | ४ | १२,५०,०००.०० |
| ७ | लक्ष्मी मार्ग बाटो कालोपत्रे | ४ | १०,००,०००.०० |
| ८ | निलकण्ठ कोईरालाको घरदेखि देववहादुर कार्किको घरसम्मको चोक बाटो कालोपत्रे | ५ | २५,००,०००.०० |
| ९ | प्रेमबस्ती कालिका मन्दिर हाताभित्र ज्येष्ठ नागरिक मिलन केन्द्र सामुदायिक भवन निर्माण | ७ | १२,००,०००.०० |
| १० | दिपज्योति मार्ग ,सनराईज टोल मार्ग-कान्तीनगर शितल मार्ग ढलान | ७ | १२,५०,०००.०० |
| ११ | नारायणी मा.वि पूर्वाधार निर्माण | १० | १५,००,०००.०० |
| १२ | गणेशधाम पूर्वाधार निर्माण | ११ | १२,००,०००.०० |
| १३ | दिपज्योति सहकारी,पोखरी चोक हुँदै किरण केरुङ्गा घोल जाने ढलमाथि स्ल्याव निर्माण | ११ | १४,८०,०००.०० |
| १४ | जंगल राईनो मार्ग पर्खाल सहित कालोपत्रे | १२ | ५०,००,०००.०० |
| १५ | निलकण्ठ मन्दिर पूर्वाधार निर्माण | १२ | १०,००,०००.०० |

शाखा अधिकृत

Scanned by CamScanner

भरतपुर महानगरपालिका

निर्वाचन क्षेत्र विकास कार्यक्रम क्षेत्र नं २

स्वीकृत भएका आयोजनाहरुको विवरण

| क्र.स | योजनाको नाम | वडा नं. | स्वीकृत रकम |
|---|---|---|---|
| १६ | देवीटार चौकीडाँडा बाटो स्तरोन्नती | २९ | ५०,००,०००.०० |
| १७ | पत्रकार महासघं भवन भौतिक पूर्वाधार निर्माण | १० | १०,००,०००.०० |
| १८ | शैलजा आचार्य स्मृति प्रतिष्ठान भौतिक पूर्वाधार निर्माण | ५ | १०,००,०००.०० |
| १९ | नमूना कल्याणकारी आश्रम भौतिक पूर्वाधार निर्माण | ५ | १०,००,०००.०० |
| २० | भारद्वाज ऋषि आश्रम भौतिक पूर्वाधार निर्माण | १ | १०,००,०००.०० |
| २१ | योगी नरहरिनाथ आध्यात्मिक परिषद् वागेश्वरी | १ | १०,००,०००.०० |
| २२ | वीरेन्द्र क्याम्पस रोड टोल विकास संस्था भवन निर्माण | १० | १०,००,०००.०० |
| कुल जम्मा | | | ३,५५,८०,००० |

शाखा अधिकृत

Scanned by CamScanner

**भरतपुर महानगरपालिका**

निर्वाचन क्षेत्र विकास कार्यक्रम क्षेत्र नं ३

स्वीकृत भएका आयोजनाहरुको विवरण

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

| क्र.स | योजनाको नाम | वडा न | विनियोजित रकम |
|---|---|---|---|
| १ | लक्ष्मी मा.वि पूर्वाधार निर्माण | २३ | १००००० |
| २ | जानकी मा.वि.पूर्वाधार निर्माण | २७ | १०००००० |
| ३ | सरस्वती मा.वि पूर्वाधार निर्माण | २८ | १०००००० |
| ४ | शहिद स्मृति मा.वि पूर्वाधार निर्माण | ६ | १०००००० |
| ५ | गंगानगर मा.वि पूर्वाधार निर्मार्ण | १३ | १०००००० |
| ६ | गुञ्जनगर मा.वि पूर्वाधार निर्माण | १८ | १०००००० |
| ७ | ढङ्गाघारी मा.वि पूर्वाधार निर्माण | १७ | १०००००० |
| ८ | खगेरी सिंचाई शाखा (१-८) कुलो मर्मत संभार (भरतपुर महानगरपालिकाको देवनागर, चम्पानगर, पटिहानी, सुन्दरबस्ती, शिवनगर, पार्वतीपुर, सुर्यानगर र गुन्जनगर) | | १०००००००० |
| ९ | मिलनचोक लगौटा स्कूल देखि बेलुवा चोक बाटो स्तरोन्नती | १७ | ५०००००० |
| १० | जप्कादेखि शोसी बाटो कालोपत्रे | २५ | ४५००००० |
| ११ | शहिद उमेश मार्ग बाटो कालोपत्रे | ६ | ४०००००० |
| १२ | आलमघाटदेखि देवीस्थान बाटो कालोपत्रे | २४ | ३०००००० |
| १३ | भावनाचोक देखि दक्षिण लोहनीचोक बाटो कालोपत्रे | १४ | ४५००००० |
| १४ | गोन्द्राङ्ग गंगामार्ग बाटो कालोपत्रे | ९ | २०००००० |
| | | कुल जम्मा | ४०००००००० |

शाखा अधिकृत

९. आयोजना छनौट : (१) निर्देशक समितिले नियम ८ बमोजिमका आयोजनाहरू मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना कार्तिक मसान्त भित्र छनौट गरिसक्नु पर्नेछ ।

(२) जिल्ला समन्वय समितिको कार्यालयले अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका सहित उपनियम (१) बमोजिम छनौट भएका आयोजनाको विवरण आयोजना कार्यान्वयन हुने स्थानीय तहमा प्रत्येक वर्षको मङ्सिर पन्ध्र गते भित्र पठाई सक्नु पर्नेछ ।

(३) जिल्ला समन्वय समितिको कार्यालयले उपनियम (१) बमोजिम छनौट भएका आयोजनाको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी आयोजना छनौट भएको पन्ध्र दिनभित्र मन्त्रालय, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको अवधिभित्र छनौट नभएका आयोजनामा यस नियम बमोजिमको रकम प्राप्त हुने छैन ।

(५) यस नियमावली बमोजिम आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकमको पचास प्रतिशत रकमबाट न्यूनतम पचास लाख रुपैयाँ लागत अनुमान भएका आयोजना र बाँकी पचास प्रतिशत रकमबाट न्यूनतम दश लाख रुपैया लागत अनुमान भएका आयोजना छनौट गर्नु पर्नेछ।

(६) उपनियम (१) बमोजिम छनौट भएका कुनै आयोजनाको सम्झौता माघ महिना भित्र हुन नसकेमा



भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

Scanned by CamScanner

संयोजकले सो आयोजना परिवर्तन गरी फागुन पन्ध्र गतेभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम आयोजना परिवर्तन भएको जानकारी मन्त्रालय, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा समेत दिनु पर्नेछ ।

(८) मन्त्रालयले सम्बन्धित स्थानीय तहमा स्वीकृत भएको कार्यक्रम बमोजिमको रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाउनेछ ।

(९) निर्देशक समितिले यस नियमावली बमोजिम एक भन्दा बढी स्थानीय तह वा निर्वाचन क्षेत्रमा पर्ने आयोजनाको कार्यान्वयन कुनै एउटा स्थानीय तहबाट हुने गरी वा कामको परिमाणको आधारमा सम्बन्धित स्थानीय तहहरुमा विभाजन गरी तोक्न सक्नेछ ।

(१०) यस नियमावली बमोजिम मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा आयोजना छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

(११) निर्देशक समितिको संयोजक निलम्बनमा रहेको वा अन्य कुनै कारणले संयोजकको पद रिक्त रहेकोमा त्यस्तो निलम्बन फुकुवा भएको वा संयोजक हुने सदस्यले शपथग्रहण गरेको मितिले एक महिना भित्र यस नियमावली बमोजिम आयोजना छनौट गर्न सक्नेछ ।

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन



Scanned by CamScanner

१०. कार्यक्रममा साझेदारी गर्न सकिने : (१) कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछ ।

(२) कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम उपभोक्ता समितिबाट लागत साझेदारी गर्नु पर्नेछ ।

(३) कार्यालयले उपनियम (१) र (२) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कुल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(४) निर्देशक समितिले लागत साझेदारी बढी हुने आयोजना छनौट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ ।

११. कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन : (१) निर्देशक समितिले नियम ९ बमोजिम छनौट भएका आयोजना कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त आयोजना कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । स्थानीय तहले आयोजनाको कार्यान्वयन प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाख रुपैयाँ वा सो भन्दा बढी लागत अनुमान भएका आयोजना बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्था गरी गर्नु पर्नेछ।



भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

Scanned by CamScanner

(४) यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाख रुपैयाँ भन्दा कम लागत अनुमान भएको आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिनेछ ।

(५) यस नियमावली बमोजिम निर्माण हुने पूर्वाधार महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्ने गरी गर्नु पर्नेछ ।

(६) यस नियमावली बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु उपभोक्ता समितिले ठेक्का वा अन्य कुनै तरिकाबाट अन्य व्यक्ति वा संस्था मार्फत काम गराएको पाइएमा निर्देशक समितिले त्यस्तो आयोजना रद्द गरी यस नियमावली अनुसार छनौट भएका अर्को आयोजनालाई रकम उपलब्ध गराउन सक्नेछ ।

(७) यस नियमावली बमोजिमका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेबसाइटमा समेत राख्नु पर्नेछ ।

१२. <u>आयोजना कार्यान्वयनको जिम्मेवारी</u> : (१) नियम ११ बमोजिम कार्यान्वयनको लागि प्राप्त भएका आयोजनाहरु तोकिएको गुणस्तर र समयमा कार्यान्वयन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२) कार्यक्रमको कार्यान्वयनमा अनावश्यक विलम्ब गर्ने वा बाधा व्यवधान गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई विभागीय सजाय गरिनेछ ।



Scanned by CamScanner

(३) प्रमुख प्रशासकीय अधिकृतले आयोजना कार्यान्वयनको वित्तीय तथा भौतिक प्रगतिको जानकारी नियमित रुपमा निर्देशक समिति तथा संयोजकलाई दिनु पर्नेछ ।

१३. रकम सम्बन्धी व्यवस्था : (१) मन्त्रालयले वित्तीय हस्तान्तरणको माध्यमबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी अनुसूची-२ बमोजिम हुन आउने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

(२) निर्देशक समितिले नियम ९ बमोजिम आयोजना छनौट गरी पेश गरिसकेपछि प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सदस्यको कार्यकाल समाप्त भए तापनि कार्यक्रम कार्यान्वयन गर्न तथा रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

(३) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा कुनै आयोजनाको रकम कुनै कारणले बचत हुन गएमा संयोजकले सोही आयोजनामा थप काम गर्न वा नियम ९ बमोजिम छनौट भएका सम्बन्धित स्थानीय तहको अर्को कुनै आयोजनाको लागि त्यस्तो रकम उपलब्ध गराउन सक्नेछ ।

१४. आयोजनाको अनुगमन : (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाको अनुगमन गर्ने जिम्मेवारी संयोजकको हुनेछ ।

(२) संयोजकले नियम १७ को उपनियम (२) बमोजिम तोकेको प्रतिनिधिले आयोजनाको अनुगमन गरी सम्बन्धित स्थानीय तह, निर्देशक समिति र संयोजकलाई नियमित रुपमा प्रतिवेदन दिनु पर्नेछ ।



Scanned by CamScanner

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

(३) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि विशेष अनुगमन टोली गठन गर्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम अनुगमन गरी दिइएका सुझाव कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा स्थानीय तहको कर्तव्य हुनेछ ।

(५) निर्देशक समितिले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

१५. <u>सार्वजनिक परीक्षण</u> : यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरू प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

१६. <u>आयोजनाको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u> : (१) उपभोक्ता समिति मार्फत् सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको बील भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट सञ्चालन भएका आयोजनाको हकमा सम्बन्धित निर्माण व्यवसायीले सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।



Scanned by CamScanner

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले बजेट अनुसार काम भए, नभएको स्पष्ट रुपमा खुलाई प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यालयले त्यस्तो कामको जाँचपास गरिदिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कार्यालयबाट जाँचपास भइसकेपछि प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

१७. <u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्था</u> : (१) कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, प्रतिवेदन गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयले अनुसूची-३ बमोजिम हुन आउने रकम दुई किस्तामा सोझै जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउन संयोजकले एक जना प्रतिनिधि तोक्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिनिधि तोकिएमा त्यस्तो प्रतिनिधिको यातायात खर्च र विविध खर्च समेतको लागि उपनियम (१) बमोजिमको रकम मध्येबाट बढीमा एक लाख रुपैयाँसम्म खर्च गर्न सकिनेछ । त्यस्तो खर्च कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध गराइएको रकमबाट व्यहोरिनेछ ।



Scanned by CamScanner

(४) उपनियम (३) बमोजिम हुन आउने रकम सम्बन्धित निर्वाचन क्षेत्रको लागि तोकिएको प्रतिनिधिले पेश गरेको बील भरपाईको आधारमा जिल्ला समन्वय समितिले दुई किस्तामा भुक्तानी दिनेछ ।

(५) उपनियम (२) बमोजिम तोकिएको प्रतिनिधिले यस नियमावली बमोजिमका आयोजनाको कार्यान्वियनको अवस्था खुलाई जिल्ला समन्वय समिति, कार्यालय र संयोजकलाई नियमित रुपमा प्रतिवेदन दिनु पर्नेछ । स्थानीय तहले आयोजनाको अन्तिम भुक्तानी दिदा सो प्रतिवेदन समेतलाई आधार मान्न सक्नेछ ।

१८. लेखा तथा लेखापरीक्षण : (१) कार्यक्रम कार्यान्वियनको लागि प्राप्त रकम तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

१९. कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षा : (१) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालयमा प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले सात दिन भित्र पठाउनु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहको नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ ।



भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

Scanned by CamScanner

(३) उपनियम (१) बमोजिम प्राप्त भएको प्रतिवेदनको आधारमा जिल्ला समन्वय समितिले चौमासिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

२०. मन्त्रालयले निर्देशन दिन सक्ने : मन्त्रालयले यस नियमावली बमोजिमका आयोजनाको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

२१. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने : मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

२२. आवश्यक व्यवस्था गर्ने : यो नियमावली कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

२३. खारेजी : (१) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन



Scanned by CamScanner